## वराहपोखरी गाउँपालिका, खोटाङको गाउँसभाको

## १६ औँ अधिवेशनमा

## गाउँपालिका उपाध्यक्ष श्री भुवलराज राई ज्यूद्वारा प्रस्तुत

### आर्थिक वर्ष २०८१।०८२ को

# योजना तथा बजेट संशोधन/थप-घट विषयको

# प्रस्तुतीकरण कार्यक्रम

वि.सं. २०८१ साल पुस २२ गते सोमबार

**वराहपोखरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बाघखोरभन्ज्याङ, खोटाङ**

**कोशी प्रदेश, नेपाल**

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

यस वराहपोखरी गाउँपालिका खोटाङको उपाध्यक्षको हैसियतले गाउँसभाको १६औं अधिवेशनमा चालु आ.व. २०८१।०८२ का बजेट तथा कार्यक्रम स्वीकृतीको लागि मिति २०८१।०३।१० मा भएको गाउँसभाको १५औं अधिवेशनबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुमध्ये विभिन्न शिर्षकहरुका बजेट तथा कार्यक्रमहरु संशोधन, थप-घट र परिवर्तन गर्ने विषयमा प्रस्तुत गरिरहँदा गौरवान्वित महसुस गरेको छु । यस विशेष अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा रुपान्तरण गर्ने क्रममा जीवन वलिदान गर्नुहुने सम्पूर्ण महान् शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत नेतागणहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका महान् नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

चालु आ.व. २०८१।०८२ को लागि विभिन्न कार्यक्रममा विनियोजन गरिएको रकम मिति २०८१।०३।१० गते भएको गाउँसभाको १५औँ अधिवेशनबाट स्वीकृत बजेट तथा कार्यक्रममा समावेश गर्दा तथा चालु आ.व. २०८१।०८२ को हालसम्मको आय-व्यय विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउँदछु ।

**आय तर्फ**

१. नेपाल सरकार समानिकरण अनुदान श्रोत तर्फ रु. ३ करोड २१ लाख २० हजार रुपैया मात्र ।
२. नेपाल सरकार शसर्त अनुदान चालु तर्फ रु. ६ करोड ४१ लाख ३८ हजार ७ सय ५० रुपैया मात्र ।
३. नेपाल सरकार शसर्त अनुदान पुँजीगत तर्फ रु. ८ करोड ३२ लाख ६ हजार रुपैया मात्र ।
४. नेपाल सरकार समपुरक अनुदान पुँजीगत श्रोत तर्फ रु. ३७ लाख ५० हजार रुपैया मात्र ।
५. प्रदेश सरकार समानिकरण अनुदान श्रोत तर्फ रु. २२ लाख २७ हजार रुपैया मात्र ।
६. प्रदेश सरकार समपुरक अनुदान पुँजीगत तर्फ रु. २३ लाख ५० हजार रुपैया मात्र ।
७. प्रदेश सरकार शसर्त अनुदान चालु तर्फ रु. १४ लाख १६ हजार रुपैया मात्र ।
८. प्रदेश सरकार शसर्त अनुदान पुँजीगत तर्फ रु. ३३ लाख २० हजार ५ सय रुपैया मात्र ।
९. प्रदेश सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. १४ लाख ८५ हजार २ सय २६ रुपैया ०७ पैसा ।
१०. संघीय सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. २ करोड ५६ लाख १७ हजार २ सय ६० रुपैया ११ पैसा ।
११. आन्तरिक श्रोत तर्फ रु. ३४ लाख ३२ हजार ५ सय ७८ रुपैया ८६ पैसा ।

चालु आ.व. २०८१।०८२ मा हालसम्म जम्मा रु. १४ करोड ८१ लाख ८३ हजार ३ सय १५ रुपैया ०४ पैसा कुल आम्दानी भएको देखिन्छ ।

**व्यय तर्फ**

१. नेपाल सरकार समानिकरण अनुदान श्रोत तर्फ रु. २ करोड ४२ लाख ४१ हजार ५ सय ११ रुपैया १५ पैसा ।
२. नेपाल सरकार शसर्त अनुदान चालु तर्फ रु. ६ करोड ३ लाख ७५ हजार १ सय ५७ रुपैया ४ पैसा ।
३. नेपाल सरकार शसर्त अनुदान पुँजीगत तर्फ रु. १३ लाख ५ हजार रुपैया मात्र ।
४. नेपाल सरकार समपुरक अनुदान पुँजीगत श्रोत तर्फ रु. ४ लाख ७६ हजार ७ सय ६५ रुपैया मात्र ।
५. प्रदेश सरकार समानिकरण अनुदान तर्फ रु ६ लाख १० हजार रुपैया मात्र ।

६. प्रदेश सरकार शसर्त अनुदान चालु तर्फ रु ३ लाख ४५ हजार ६ सय २८ रुपैया मात्र।

७. प्रदेश सरकार शसर्त अनुदान पुँजीगत तर्फ रु १९ लाख १५ हजार २ सय ८२ रुपैया मात्र।

८. प्रदेश सरकार समपूरक अनुदान पुँजीगत तर्फ रु ३ लाख ७५ हजार ९ सय ९९ रुपैया ३९ पैसा।

९. प्रदेश सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. १० लाख २३ हजार ७ सय २१ रुपैया ७३ पैसा।

१०. संघीय सरकार राजस्व बाँडफाँड श्रोत तर्फ रु. २ करोड ३० लाख ९७ हजार ३ सय ३६ रुपैया ४२ पैसा।

११. आन्तरिक श्रोत तर्फ रु. ३१ लाख ८१ हजार ८ सय ८५ रुपैया ४२ पैसा।

चालु आ.व. २०८१।०८२ मा हालसम्म जम्मा रु. ११ करोड ५७ लाख ७८ हजार २ सय ८६ रुपैया ४९ पैसा कूल खर्च भएको देखिन्छ।

**गाउँसभाका सभाध्यक्षज्यू**

**गाउँसभाका सदस्यज्यूहरु तथा अन्य महानुभावहरु**

चालु आ व २०८१।०८२ को गाउँसभाको १५औं अधिवेशनबाट तपसिल योजना शिर्षकहरुमा विनियोजित रु **८३ लाख ६७ हजार रुपैयाबाट** तपसिल बमोजिमका योजना शिर्षकहरुमा संशोधन, थप-घट तथा परिवर्तन गर्नको लागि गाउँसभा समक्ष प्रस्ताव पेश गरेको छु। सो प्रस्तावलाई अनुमोदन गरिदिन हुन अनुरोध गर्दछु।

**नयाँ संशोधित योजनाहरुको**

| सि नं | सािवकको योजनाको शिर्षक | विनियोजित रकम | संशोधित/थप योजनाको शिर्षक | संशोधित/थप बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन तथा वातावरण कार्यक्रम | ४००००० | JCB, एम्बुलेन्स तथा कृषि एम्बुलेन्सको इन्धन | ११००००० | गाउँपालिकास्तरीय |
| २ | आकस्मिक कोष | ३००००० | | | |
| ३ | कर्मचारी कल्याण कोष | ४००००० | | | |
| ४ | गत वर्ष सिर्जित दायित्व भुक्तानी | २४७००० | JCB, एम्बुलेन्स तथा कृषि एम्बुलेन्सको मर्मत | २४७००० | गाउँपालिकास्तरीय |
| ५ | पारिश्रमिक कर्मचारी | ३००००० | संचार महसुल | ३००००० | गाउँपालिकास्तरीय |
| ६ | गाउँपालिका गैरिगाउँ खेल मैदान तथा स्टेज | ९००००० | विपद् व्यवस्थापन | ९००००० | गाउँपालिकास्तरीय |
| ७ | वंशिला-ताम्बुवा-धाप्लाङ-वराहपोखरी-सावाखोला सडक मर्मत | १५००००० | धाप्लाङ-सिन्ताङ सडक मर्मत | १२७५००० | गाउँपालिकास्तरीय |
| | | | सावाखोला-फोक्सिन्टार सडक मर्मत | २२५००० | गाउँपालिकास्तरीय |
| ८ | डाँडाखर्क कात्तिक सडक स्तरोन्नती | ५००००० | काउलेली वरदेखि नाप्तुसम्म सडक ट्र्याक ओपन | ५००००० | गाउँपालिकास्तरीय |
| ९ | बेतुवा अधुरो मन्दिर प्लास्टर तथा रङरोगन | २००००० | सावित्रा देवी मन्दिर निर्माण | २००००० | गाउँपालिकास्तरीय |
| १० | शिक्षकहरुको पेशागत दक्षता विकास सम्बन्धी तालिम खर्च | २००००० | शिक्षकहरुको पेशागत दक्षता विकास सम्बन्धी तालिम खर्च | ३५०००० | शिक्षा |
| ११ | IEMIS सम्बन्धी तालिम | १५०००० | | | शिक्षा |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | शैक्षिक क्यालेन्डर निर्माण | २००००० | शैक्षिक क्यालेन्डर निर्माण | १५०००० | शिक्षा |
| | | | विद्यार्थीको सिकाइ उपलब्धी मूल्यांकन कार्यसञ्चयिका (कक्षा १-३) खरिद तथा वितरण | ५०००० | शिक्षा |
| १३ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण | १५०००० | विद्यालय अनुगमन तथा सुपरीवेक्षण | ३०००० | शिक्षा |
| | | | वराहपोखरी गाउँपालिकाको स्थानीय पाठ्यक्रम (कक्षा १-५) छपाई तथा वितरण | ९०००० | शिक्षा |
| | | | विद्यार्थीको सिकाइ उपलब्धी मूल्यांकन कार्यसञ्चयिका (कक्षा १-३) खरिद तथा वितरण | ३०००० | शिक्षा |
| १४ | ५०% अनुदानमा लेयर्स बोईलर गिरीराज कुखुराको लागि दाना बनाउने मेसिन वितरण कार्यक्रम | ३००००० | पशुपंक्षी औषधी खरिद | ३००००० | कृषि पशु |
| १५ | पशु सेवा प्राविधिकलाई AI (कृतिम गर्भधारण) सम्बन्धी तालिम | १५०००० | महामारी आकस्मिक रोग नियन्त्रण कार्यक्रम | १५०००० | कृषि पशु |
| १६ | रानाछाप बाटो ट्र्याक ओपन | ५००००० | रानाछाप ग्याविन ज्याली निर्माण | २००००० | १ नं वडा |
| | | | राकुली मुहान टारबारी खेतसम्म कुलो मर्मत | १००००० | १ नं वडा |
| | | | साहिछाप प्रा वि मेसिनरी वाल निर्माण | १००००० | १ नं वडा |
| | | | धारापानी मन्दिर निर्माण | १००००० | १ नं वडा |
| १७ | विद्यालयहरुमा भित्ते लेखन तथा हाजिरी जवाफ कार्यक्रम | १५०००० | विद्यालयहरुमा भित्ते लेखन, हाजिरी जवाफ तथा विविध कार्यक्रम | १५०००० | १ नं वडा |
| १८ | बाँदर रोकथाम | १००००० | विद्यालयहरुमा भित्ते लेखन, हाजिरी जवाफ तथा विविध कार्यक्रम | ५०००० | १ नं वडा |
| | | | पाइप सिमेन्ट खरिद तथा वितरण | ५०००० | १ नं वडा |
| १९ | न्याउले सिंचाई पाइप खरिद | १००००० | बाराहा दोवान पाटीपौवा निर्माण | १००००० | १ नं वडा |
| २० | पाइप सिमेन्ट खरिद | २२०००० | पाइप सिमेन्ट खरिद तथा वितरण | २२०००० | १ नं वडा |
| २१ | पिप्ले चिसापा र चिउरी बोटे खानेपानी ट्याङ्की निर्माण तथा पाइप खरिद | १५०००० | पाइप सिमेन्ट खरिद तथा वितरण | १५०००० | १ नं वडा |
| २२ | स्वास्थ्य चौकी सामग्री खरिद | ७०००० | स्वास्थ्य चौकी सुन्तले सामाग्री खरिद | ७०००० | २ नं वडा |
| २३ | माकापु स्कल भुई ढलान | १००००० | श्री सुन्तले आ वि सुन्तले भुई ढलान तथा रंग रोगन | १००००० | २ नं वडा |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | बालकन्या आ वि कोछाले पर्खाल निर्माण योजना | ५०००० | बालकन्या आ वि फर्निचर मर्मत योजना | ५०००० | ४ नं वडा |
| २५ | डाँडा टोल सडक निर्माण | ३००००० | पाइप खरिद तथा वितरण | १००००० | ४ नं वडा |
| | | | कृषि तरकारी उत्पादन टनेला खरिद तथा वितरण | १००००० | ४ नं वडा |
| | | | मासिन्टार पुरानोमिल मर्मत योजना | १००००० | ४ नं वडा |
| २६ | वडा कार्यालय जाल्पा सिंगेश्वरी ट्रेन लगायत सामान खरिद | १५०००० | जाल्पा सिंगेश्वरी टेन्ट खरिद योजना | ८०००० | ४ नं वडा |
| | | | वडा कार्यालय टेन्ट खरिद योजना | ७०००० | ४ नं वडा |
| २७ | कृषि टनेला खरिद -४ नं वडा | १५०००० | कृषि तरकारी उत्पादन टनेला खरिद तथा वितरण | १५०००० | ४ नं वडा/कृषि |
| २८ | पाइप खरिद | ३००००० | पाइप खरिद तथा वितरण | ३००००० | ४ नं वडा |
| २९ | सावित्रा आ वि चेन गेट निर्माण योजना | ८०००० | सावित्रा आ वि चेन गेट निर्माण तथा शौचालय मर्मत | ८०००० | ५ नं वडा |
| ३० | श्री मौवाबोटे आ वि सामाग्री खरिद | ५०००० | श्री चकलीदेवी आ वि भित्ते लेखन | ५०००० | ६ नं वडा |
| | **जम्मा** | **८३६७०००** | **जम्मा** | **८३६७०००** | |

**अन्त्यमा,**

चालु आ.व. २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रममा थप गरिएका कार्यक्रम तथा विनियोजित रकम र चालु आ.व. २०८१।०८२ को लागि स्वीकृत गरिएका बजेट तथा कार्यक्रममा आवश्यक संशोधन, थप-घट तथा परिवर्तन गर्नका लागि आव्हान गरिएको गाउँसभाको यस १६औं अधिवेशनमा पाल्नुहुने सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरुबाट सल्लाह र सुझावका साथ छलफल पश्चात उल्लेखित कार्यक्रमहरु अनुमोदन गरिदिन हुन हार्दिक अनुरोध गर्दै विदा हुन चाहान्छु । धन्यवाद ।।